focus on facts

# मेनिटोबाका कामदारहरुको लागी कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा अधिकारहरु

## स्वास्थ्य तथा सुरक्षा कानुन

मेनिटोबामा कार्यस्थल सुरक्षा तथा स्वास्थ्य ऐन र क्यानाडा श्रम नियमावलीद्धारा स्वास्थ्य तथा सुरक्षाका अधिकारहरु प्रत्याभूति गरिएको छ । यो फ्याक्ट शिटले मेनिटोबा कार्यस्थल सुरक्षा तथा स्वास्थ्य ऐनद्धारा कामदारहरुको अधिकार सुरक्षित गरिएको जनाउँछ ।

धेरैजसो कामदारहरु प्रोभिन्सको कार्यस्थल सुरक्षा तथा स्वास्थ्य ऐनद्धारा सुरक्षित हुन्छन । केन्द्रिय जनसेवा, केन्द्रिय संघहरु वा बैकिङ्ग, यातायात, संचार, तथा अनाज उद्योगहरुमा कार्यरत कामदारहरु क्यानाडा श्रम नियमावलीद्धारा सुरक्षित गरिएका हुन्छन ।

क्यानाडा श्रम नियमावलीद्धारा दिईएका स्वास्थ्य तथा सुरक्षा अधिकारहरु उस्तै हुन्छन् तर ठ्याक्कै समान भने हुदैनन् । कामदारहरु जो क्यानाडा श्रम नियमावलीद्धारा सुरक्षित गरिएका हुन्छन्, उनीहरुले आफ्नो स्वास्थ्य तथा सुरक्षा अधिकार सम्बन्धि जानकारीको लागी ह्युमन रिर्सोस डेभलपमेन्ट क्यानाडा अथवा उनीहरुको संघमा सर्म्पक गर्नसक्छन् ।

**कामदारहरुको स्वास्थ्य तथा सुरक्षा अधिकारहरु**




संघमा आवद्ध भएका तथा नभएका दुबै कामदारहरु स्वास्थ्य तथा सुरक्षा कानुनहरुद्धारा सुरक्षित गरिएका हुन्छन ।

### कामदारहरुको स्वास्थ्य तथा सुरक्षा अधिकारहरु

**थाहा पाउने अधिकार**

कामदारहरुलाई आफ्नो कार्यस्थलमा भएको जोखिमहरुको बारेमा थाहा पाउने अधिकार हुन्छ । कानुनद्धारा रोजगारदाताहरुले कामदारहरुलाई उनीहरुको काममा हुने सबै जोखिमहरुको बारेमा थाहा दिनु र ती जोखिमहरुबाट कसरी सुरक्षित भई काम गर्ने भनि तालिम दिनु आवश्यक छ ।

कामदारहरु वर्कप्लेस हेजार्डियस् मटेरियर्ल्स ईन्फरमेसन सिष्टम (WHMIS) बाट पनि सुरक्षित हुन्छन् ।

WHMIS का अनुसार रोजगारदाताहरुले

- जोखिमपूर्ण सामाग्रीको भाडाँहरुमा लेबल लगाउनु आवश्यक पर्दछ

- जोखिमपूर्ण सामाग्रीको जानकारी
  मटेरियल्र्स
  सेफ्टी डेटा शिट (MSDS) सहित दिनु
  आवश्यक पर्दछ
- कामदारहरुलाई जोखिमपूर्ण सामाग्रीको बारेमा तथा तीबाट कसरी सुरक्षित भई काम गर्ने सम्बन्धमा जानकारी दिनु आवश्यक पर्दछ

मटेरियल्र्स सेफ्टी डेटा शिट बस्तु उत्पादकद्धारा लेखिएको हुन्छ। यसमा जोखिमपूर्ण सामाग्रीहरु, यसको अत्याधिक सर्म्पकबाट हुने स्वास्थ्य असरहरु तथा कसरी कामदारहरुले आफूलाई सुरक्षित गर्ने केही जानकारीहरुको सूची संलग्न हुन्छ। उत्पादक तथा बितरकले MSDS अनिवार्य रुपमा संलग्न गर्नुपर्छ र कामदारहरुको लागी उनीहरुको कार्यस्थलमा उपलब्ध हुनुपर्दछ।

## सहभागी हुने अधिकार

कामदारहरु उनीहरुको कार्यस्थलमा भएको स्वास्थ्य तथा सुरक्षा सम्बन्धि सरोकारहरुको बारेमा सहभागी हुनपाउँछन्। कामदारहरुले आफ्ना सरोकारहरु आफ्नो कार्यस्थल स्वास्थ्य तथा सुरक्षा समिति अथवा कार्यस्थल सुरक्षा तथा स्वास्थ्य प्रतिनिधिहरुसित राख्न सक्छन्।

## स्वास्थ्य तथा सुरक्षा समितिहरु

कार्यस्थल जहाँ २० वा सोभन्दा बढी कामदारहरु काम गर्छन्, त्यहाँ अनिवार्य रुपमा संयुक्त (रोजगारदाता/कामदार) स्वास्थ्य तथा सुरक्षा समिति बनाउनुपर्छ। समितिमा कम्तीमा आधा कामदारहरु हुनुपर्दछ।

समितिमा सहभागिता

समितिमा कसले प्रतिनिधित्व गर्ने भन्ने बारेमा कामदारहरुलाई निर्णय गर्ने अधिकार हुन्छ। यी प्रतिनिधि कामदाहरु या त सहकर्मीहरुद्धारा निर्वाचित हुनेछन् अथवा संघद्धारा तोकिनेछन्। समितिका सदस्यहरुको नाम प्रष्ट देखिनेगरि कार्यस्थलमा टाँसिएको हुनुपर्छ।

## समितिका कर्तब्यहरु

संयुक्त स्वास्थ्य तथा सुरक्षा समितिहरुको बैठक प्रत्येक तीन महिनाका एकपटक बस्नुपर्छ। स्वास्थ्य तथा सुरक्षा समितिहरुले कार्यस्थको निरिक्षण गर्ने, घटनाहरुको छानविन गर्ने, अस्विकार गर्ने अधिकारमा सहभागि भई निरिक्षण गर्ने तथा उनिहरुको सम्बन्धित कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा सरोकारहरुमा छलफल गर्छन्।

समितिका सदस्यहरुले स्वास्थ्य तथा सुरक्षा सम्बन्धि कर्तब्यहरु निर्वाह गर्नको लागी आफ्नो नियमित कामबाट छुट्टी पाउनुपर्छ र सो समयको भुक्तानी हुनुपर्छ।

कामदारहरुले स्वास्थ्य तथा सुरक्षा सम्बन्धि सवाल उत्पन्न भएमा आफ्नो प्रतिनिधिलाई भन्नु महत्वपूर्ण हुन्छ।

## समितिमा तालिम

समितिका सदस्यहरुले आफ्नो स्वास्थ्य तथा सुरक्षा सम्बन्धि कार्य गर्नको लागी आवश्यक तालिम प्राप्त गरेको कुरा रोजगारदाताहरुले सुनिश्चित गर्नुपर्दछ। रोजगारदाताहरुले स्वास्थ्य तथा सुरक्षा समितिका
सदस्यहरुलाई उनीहरुको पारिश्रमिक वा लाभको क्षति नहुनेगरि प्रत्येक बर्षमा १६ घण्टाको स्वास्थ्य

तथा सुरक्षा सम्बन्धि तालिम लिनको लागी अनुमति दिनुपर्दछ।

कार्यस्थल सुरक्षा तथा स्वास्थ्य प्रतिनिधि
कार्यस्थल जहाँ पाँचदेखि १९ जना कामदारहरु हुन्छन्, त्यहाँ अनिवार्य रुपमा संघद्धारा तोकिएको अथवा कामदारहरुद्धारा निर्वाचित कार्यस्थल सुरक्षा तथा स्वास्थ्य प्रतिनिधि हुनुपर्दछ। त्यो प्रतिनिधि ब्यवस्थापनको सदस्य हुनुहुदैन।

प्रतिनिधिको नाम प्रष्ट देखिनेगरि कार्यस्थलमा टाँसिएको हुनुपर्दछ।

कार्यस्थल सुरक्षा तथा स्वास्थ्य प्रतिनिधिको जिम्मेवारी स्वास्थ्य तथा सुरक्षा समितिका कर्तब्य समान हुनेछ।

## अस्विकार गर्ने अधिकार

कामदारहरुलाई दिईएको कुनै काम वा काम गर्ने स्थिति उनिहरुको लागी वा आफ्नो सहकर्मीको लागी वा अन्य कुनै व्यक्तिको लागी खतरापूर्ण छ भन्ने लाग्दछ र त्यसको उचित कारण छ भने कामदारहरुमा कुनै पनि काम अस्विकार गर्ने अधिकार छ।

असुरक्षित काम अस्विकार गर्ने चार चरणहरु छन्। यदि उचित तरीका अपनाएर असुरक्षित काम अस्विकार गरिएको छ भने कामदारलाई कामबाट कटौती, निलम्बित वा दण्डित गर्न पाईदैन।

**चरण १** सरोकार तथा काम अस्विकार गरेको कुरा सुपरभाईजरलाई रिपोर्ट गर्नु।

**चरण २** यदि रोजगारदाताले खतरापुर्ण स्थिति तुरुन्त नसच्याएमा, रोजगारदाता र कामदारहरुको समितिको सहअध्यक्षहरुले तत्काल कामदार जसले काम गर्न अस्विाकार गरेको हो उसँग सो अबस्थाको छानविन गर्नुपर्दछ।

रोजगारदाताले कुनै खतरापुर्ण स्थिति महशुस नगरेतापनि वा कामदारलाई समस्याप्रति चित्त नबुझाएसम्म, कामदारहरुलाई काम अस्विकार गरिरहने अधिकार हुन्छ।

रोजगारदातालाई कामदारलाई अरु काममा लगाउने अधिकार हुन्छ।

रोजगारदाताले अस्विकार गरिएको सोही काम अन्य कामदारलाई लगाउन सक्दैनन् या त उनीहरुले कामदारलाई लिखित रुपमा अस्विकार गर्नुको कारण, अस्विकार गर्ने अधिकार तथा त्यो काम किन खतरापुर्ण छैन भनि बुझाउनु पर्दछ।

**चरण ३** जाँचबुझपछि पनि खतरापुर्ण स्थिति नसच्याईएमा कामदार, रोजगारदाता अथवा कामदारको सहअध्यक्षले कार्यस्थल सुरक्षा तथा स्वास्थ्य शाखाबाट सुरक्षा तथा स्वास्थ्य अधिकारीलाई बोलाई अस्विकृत गरिएको काम र त्यसको कारण जानकारी गराउनु पर्दछ।

**चरण ४** सुरक्षा तथा स्वास्थ्य अधिकारीले स्थितिको जाँचबुझ गर्नेछन्।

यदि सुरक्षा तथा स्वास्थ्य अधिकारीलाई उक्त काम खतरापुर्ण लागेमा उनले रिर्पोट तयार पारी रोजगारदातालाई उक्त समस्याको समाधानको लागी निर्देशन दिन सक्नेछन्।

यदि सुरक्षा तथा स्वास्थ्य अधिकारीले उक्त काम सुरक्षित छ भन्ने निर्णय गरेमा

कामदारहरु उक्त काममा अनिवार्य रुपमा फर्किनुपर्दछ ।

## सुरक्षित हुने अधिकार

कुनै पनि स्वास्थ्य तथा सुरक्षा सम्बन्धि अधिकार प्रयोग गरेर कामदारहरु सुरक्षित हुन सक्ने अधिकार छ। कुनै पनि किसिमले आफ्नो अधिकार प्रयोग गरमा कामदारहरुलाई दण्डित गर्न पाईदैन। यी अर्न्तगत असुरक्षित काम अस्विकार गर्नु, स्वास्थ्य तथा सुरक्षा सम्बन्धि चासो देखाउनु र स्वास्थ्य तथा सुरक्षा समितिमा भाग लिदाँ पारिश्रमिकसहितको बिदा पाउनेछन्।

यदि कामदारलाई आफ्नो कुनैपनि अधिकारहरु प्रयोग गर्दा उनीहरुलाई दण्डित गरेको लाग्दछ भने कामदारले कार्यस्थल सुरक्षा तथा स्वास्थ्य शाखामा उजुरी गर्न सक्छन्। सो उजुरीमा सुरक्षा तथा स्वास्थ्य अधिकारीले छानविन गर्नेछन्। यदि उक्त अधिकारीले कामदारलाई उनीहरुको अधिकार प्रयोग गर्दा दण्डित गरेको ठहर गरेमा रोजगारदातालाई निम्न बमोजिमका कुराहरु गर्न आदेश दिन सक्छन्:

- भेदभावपुर्ण कार्य रोक्नु पर्ने
- कामदारलाई उनको अथवा उसको पुरानै पदमा पुर्नबहाली गर्नुपर्ने
- घाटा भएको पारिश्रमिक तथा लाभ तिर्नुपर्ने
- कामदारको कामको रेर्कडबाट यस सम्बन्धिको कारवाही तथा अन्य कुराहरु हटाउनुपर्ने
- $ १,०००-$ ३,००० सम्म जरीवाना तिर्नुपर्ने

## अपिल

सुरक्षा तथा स्वास्थ्य अधिकारीको निर्णय पश्चात कामदार अथवा रोजगारदाताले १४ दिनभित्रमा अपिल गर्नसक्छन्।

## थप जानकारीको लागी

वर्कप्लेस सेफ्टी एण्ड हेल्थ व्रान्चमा सर्म्पक गर्नुहोस्

204-957-SAFE (7233) or 1-855-957-SAFE.

**Regional Offices**

विनिपेग
200-401 York Ave
Winnipeg, MB
R3C 0P8

व्रान्डन
340 9th St.
Brandon, MB
R7A 6C2

फ्लिन फ्लन
202-143 Main Street
Flin Flon, MB
R8A 1K2

थमसन
59 Elizabeth Drive
Thompson, MB
R8N 1X4

## ह्युमन रिर्सोस डेभलपमेन्ट क्यानाडा - लेबर प्रोगाम

2nd Floor, 391 York Avenue
Winnipeg, Manitoba R3C 0P8
फोन: 204-983-6375

संशोधित अक्टोबर २०१४